फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-४ संख्या-१३ मितिः२०७७।१२।०६

भाग-१

फुङलिङ नगरपालिका

## "फुङलिङ नगरपालिकाको शिक्षा (प्रथम संसोधन) ऐन, २०७७"

**नगर सभाबाट पारित मिति: २०७७ चैत्र ६ गते**

# फुङलिङ नगरपालिकाको शिक्षा (प्रथम संसोधन) ऐन, २०७७

फुङलिङ नगरपालिकाको शिक्षा ऐन, २०७५ मा समसामयिक संसोधन गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११ उपदफा २ को (ज) ले दिएको अधिकार प्रयोग गरी नवौं फुङलिङ नगर सभाले मिति २०७७/१२/०६ गते यो "फुङलिङ नगरपालिकाको शिक्षा ऐन (प्रथम संसोधन) , २०७७" बनाएर जारि गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम फुङलिङ नगरपालिकाको शिक्षा (प्रथम संसोधन) ऐन, २०७७ रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. शिक्षा ऐन, २०७५ को दफा १९ मा संसोधन र थपः** शिक्षा ऐन २०७५ को दफा १९ को;

(१) उपदफा (५) मा रहेको "पचास प्रतिशत" भन्ने वाक्यांशको सट्टा "एकाउन्न प्रतिशत" भन्ने वाक्यांश राखिएको छ ।

(२) उपदफा (६) पछि देहाय अनुसारको उपदफा (७) थप गरिएको छ ।

"(७) उपदफा १ को (घ), (च) र (ज) अनुसारका नगर शिक्षा समितिका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।"

**आज्ञाले**

बद्री कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत